## नेपाल बहुद्देश्यीय सहकारी संस्था लि. काकडभिट्टा, झापालाई सीमित बैंकिङ कारोवार गर्न प्रदान गरिएको इजाजतपत्र रद्द गरिएको बारे नेपाल राष्ट्र बैंकको सूचना

(मिति २०७४/०३/१४)

मिति २०५०।११।२४ मा सहकारी ऐन २०४८ बमोजिम जिल्ला सहकारी कार्यालय झापामा दर्ता भई यस बैंकबाट मिति २०५२।०८।१२ मा सीमित बैंकिङ्ग कारोवार गर्न इजाजतपत्र प्राप्त **नेपाल बहुद्देश्यीय सहकारी संस्था लि. काकडभिट्टा, झापाले** यस बैंकबाट सीमित बैंकिङ्ग कारोवार गर्ने इजाजतपत्र प्रदान गर्दा तोकिएका शर्तहरु विपरित ओभर ड्राफ्ट प्रकृतिको कर्जा प्रदान गर्ने व्यवस्था गर्ने, प्रवन्ध निर्देशक स्वयंको अचल संपत्तिको धितोमा आफु संलग्न रहेको समितिवाट निर्णय गरी कर्जा प्रदान गर्ने, एकाघर परिवारका सदस्यहरुलाई कर्जा प्रदान गर्ने, संस्थाको दैनिक काम कारवाहीमा सञ्चालक समितिका सदस्यहरु संलग्न हुने, यस बैंकको स्वीकृति विना शाखा खोली सञ्चालन गर्ने, अन्य सहकारी संस्थाहरुलाई आफुमा गाभ्ने, यस बैंकको निरीक्षण प्रतिवेदनको वेवास्ता गरी प्रतिउत्तर नपठाउने, संस्थागत निक्षेप स्वीकार गर्ने, बिना कुनै नीति तथा योजना अन्य व्यवसाय सञ्चालन गर्ने आदि जस्ता संस्थागत शुसासन विपरितका गतिविधिहरु सञ्चालन गरेको पाइएकोले मिति २०७३।१२।०२ मा यस बैंकबाट सीमित बैंकिङ्ग कारोवार गर्न प्रदान गरिएको इजाजतपत्र नेपाल राष्ट्र बैंक ऐन २०५८ को दफा १०० को उपदफा १ को खण्ड "ज" वमोजिम रद्द/खारेज किन नगर्ने ? सो गर्न नपर्नाको कारण भए १५ दिन भित्र स्पष्टिकरण पेश गर्न लेखि पठाइएकोमा सो संस्थावाट मिति २०७३/१२/१८ मा लिखित रुपमा प्राप्त स्पष्टिकरण/प्रतिउत्तर संतोषजनक नदेखिएकोले यस बैंकवाट **नेपाल बहुद्देश्यीय सहकारी संस्था लि. काकडभिट्टा, झापा**लाई प्रदान गरिएको सीमित बैंकिङ्ग कारोवार गर्ने ईजाजतपत्र यस बैंकको मिति २०७४/०२/३० को निर्णय अनुसार **नेपाल राष्ट्र बैंक ऐन २०५८ को दफा १०० को उपदफा १ को खण्ड "ज" वमोजिम रद्द गरिएको** व्यहोरा सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

कार्यकारी निर्देशक
**नेपाल राष्ट्र बैंक**
**लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग,**
**बालुवाटार, काठमाडौं ।**